## स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडको दशौं वार्षिक साधारण सभामा भएका काम कारवाहीका विवरण तथा निर्णयहरु

**१. वैधानिक सभा :**
स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०७५/०५/२६ गते वसेको संचालक समितिको १७३ औं वैठकको निर्णयानुसार कम्पनी ऐन २०६३, वैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७४, वित्तीय संस्थाको प्रवन्धपत्र तथा नियमावली वमोजिम संस्थाको दशौं वार्षिक साधारण सभा संचालक समितिका अध्यक्ष श्री ज्ञानेन्द्र प्रसाद पाण्डे ज्यूको अध्यक्षतामा निम्न लिखित मिति, समय तथा स्थानमा निम्न विषयहरू उपर छलफल भई देहाय वमोजिंमको निर्णय गरी सम्पन्न भयो ।

**मिति** :- २०७५/०६/२० गते शनिबार (तदनुसार ६ अक्टोबर २०१८)
**समय** :- दिनको ११.३० बजे प्रारम्भ भई ३:३० वजे समापन
**स्थान** :- सि. डब्ल्यू. रेष्टुरेन्ट, कमलादी, काठमाडौं

**२. उपस्थिति**

**क) संचालकहरुको उपस्थिति :**

| क.सं. | विद्यमान संचालकहरुको नाम | पद | प्रतिनिधित्व | ग्रहण गरेको शेयर कित्ता |
|---|---|---|---|---|
| | | | संस्थापक समुह | ७८०२.६३ |
| १ | श्री ज्ञानेन्द्र प्रसाद पाण्डे | अध्यक्ष | संस्थापक समुह | १५६०६.९७ |
| २ | श्री रोशन सुवेदी | संचालक | संस्थापक समुह | १५६०६.९७ |
| ३ | श्री प्रकाश पन्त | संचालक | सर्वसाधारण समुह | ७३१३.०६ |
| ४ | श्री रामचन्द्र वन्जाडे | संचालक | सर्वसाधारण समुह | ३३६८.३० |
| ५ | श्री भूपति राज पाण्डे | संचालक | सर्वसाधारण समुह | ६८८.११ |
| ६ | श्री गोकुल न्यौपाने | संचालक | | |
| ७ | श्री विजया वस्नेत क्षेत्री | स्वतन्त्र संचालक | स्वतन्त्र समुह | |
| | | | | |

**ख) अन्य पदाधिकारी एवं पर्यवेक्षकको उपस्थिति :**

| क.सं. | अन्य पदाधिकारी एवं पर्यवेक्षकको नाम | पद | प्रतिनिधित्व |
|---|---|---|---|
| १ | श्री श्रीजेश घिमिरे | प्रमुख कार्यकारी अधिकृत | प्रतिनिधि, एनएमबी क्यापीटल लि. , नागपोखरी |
| २ | श्री कमल प्रसाद नेपाल | प्रमुख व्यवसाय तथा संचालन अधिकृत | प्रतिनिधि, एनएमबी क्यापीटल लि. , नागपोखरी |
| ३ | श्री उत्सव डांगी | लेखा परिक्षक | प्रतिनिधि,डी.उत्सव एण्ड एसोसियट्स, चार्टड एकाउन्टेण्टस, काठमाण्डौ |
| ४ | श्री उदय राज खतिवडा | पूर्व प्रमुख कार्यकारी अधिकृत | स्वरोजगार लघुवित्त वित्तीय संस्था लि. |

ग) व्यवस्थापनका पदाधिकारीहरुको उपस्थिति :

| क्र.सं. | नाम | पद | प्रतिनिधित्व |
|---|---|---|---|
| १ | श्री मनोज कृष्ण उप्रेती | निमित्त प्रमुख कार्यकारी अधिकृत | स्वरोजगार लघुवित्त वित्तीय संस्था लि. |
| २ | श्री गोपाल राज विष्ट | बरिष्ठ अधिकृत | स्वरोजगार लघुवित्त वित्तीय संस्था लि. |
| ३ | श्री मधुसुदन अधिकारी | बरिष्ठ अधिकृत | स्वरोजगार लघुवित्त वित्तीय संस्था लि. |
| ४ | श्री मधुसुदन पन्त | अधिकृत | स्वरोजगार लघुवित्त वित्तीय संस्था लि. |
| ५ | श्री सरोज पौडेल | सहायक अधिकृत | स्वरोजगार लघुवित्त वित्तीय संस्था लि. |
| ६ | श्री श्रीराम रोक्का | सहायक अधिकृत एवंम सदस्य सचिव | स्वरोजगार लघुवित्त वित्तीय संस्था लि. |

३. सभाको वैधानिकता :

क) सभाको वारेमा सार्वजनिक सुचना :

कम्पनी ऐन २०६३ को दफा ६७(२) वमोजिंम सभा हुने मिति , स्थान, समय र छलफलको विषयको सुचना शेयरधनी महानुभावहरुको जानकारीको लागि यस वित्तीय संस्थाको नियमावलीको नियम १८(३) अनुसार मिति २०७५/०५/२७ गते आर्थिक अभियान राष्ट्रिय दैनिकमा प्रथम पटक र मिति २०७५/०५/२८ गते अन्नपुर्ण पोष्ट राष्ट्रिय दैनिकमा दोश्रो पटक प्रकाशित गरिएको थियो । मिति २०७५/०६/०४ गते सम्म कम्पनीको शेयरधनी दर्ता पुस्तिकामा कायम रहेका महानुभावहरुलाई आ.व. २०७४/७५ को वार्षिक प्रतिवेदनका साथ सभाको सुचना तथा प्रोक्सी फारमहरु यस संस्थाले सार्वजनीक गरी सकिएको व्यहोरा कम्पनी सचिव श्री मनोज कृष्ण उप्रेतीबाट जानकारी गराइयो ।

(ख) गणपुरक संख्या :

यस साधारण सभा प्रयोजनको लागि कम्पनीको शेयरधनी दर्ता पुस्तिकामा मिति २०७५ आश्विन ०४ मा कायम शेयरधनीहरुहरुले लिएको शेयरको विवरण यस प्रकार रहेको छ ।

| क्र.सं. | शेयरधनी | शेयरधनी संख्या | शेयर कित्ता | कैफियत |
|---|---|---|---|---|
| १ | संस्थापक शेयरधनीहरु | ९३ | ६,२४,७३८.५९ | |
| २ | सर्वसाधारण शेयरधनीहरु | २,९९४ | ६,००,२३९.०१ | |
| | जम्मा | ३,०८७ | १२,२४,९७७.६० | |

कम्पनी ऐन २०६३ को दफा ७३(२) बमोजिंम आवश्यक गणपुरक संख्या ( कम्पनीको शेयरधनीहरु स्वयं वा प्रतिनिधि मार्फत भएको उपस्थिति एवं उपस्थित शेयरधनीहरुले धारण गरेको साधारण



SWAROJGAR LAGHUBITTA BITTIYA SANSTHA LTD. स्वरोजगार लघुवित्त वित्तीय संस्था लि. बनेपा, २०६६ Banepa, 2009

शेयरहरुको संख्या) देहाय वमोजिंम रहेको व्यहोरा कम्पनी सचिव श्री मनोज कृष्ण उप्रेतीबाट अवगत भयो । उपस्थित शेयरधनीहरुले उपरोक्त व्यहोरा जानकारी लिंदै सभा कानुन बमोजिंम बोलाईएको हुंदा पूर्वसुचित प्रस्तावहरुमा छलफल गर्न मञ्जुर गर्नुभयो ।

| विक्री भएको कुल शेयर संख्या | शेयर संख्या (संस्थापक समूह) | शेयर संख्या (सर्वसाधारण समूह) | संस्थापक समूह उपस्थित संख्या | सर्वसाधारण समूह उपस्थित संख्या | जम्मा कित्ता | उपस्थिति प्रतिशत |
|---|---|---|---|---|---|---|
| १२,२४,९७७.६० | ५,०२,२२६ | १,६४,९२५ | ६८ | १४८ | ६,६७,१५१ | ५४.४६ |

४. **सभामा प्रस्तुत छलफलका विषयहरू :**

शेयरधनीहरुको जानकारीका लागि कम्पनीले प्रकाशन गरेको सूचना र कम्पनीले शेयरधनीहरुलाई वितरण गरेको आफ्नो वार्षिक प्रतिवेदनमा उल्लेख गरिए बमोजिंम यस वार्षिक साधारण सभामा देहाय अनुसारका छलफलका प्रस्तावहरु रहेका थिए ।

**<u>साधारण प्रस्तावहरु</u>**

१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने दशौं वार्षिक प्रतिवेदन २०७४/७५ माथि छलफल तथा पारित गर्ने सम्बन्धमा ।

२) लेखा परीक्षकको प्रतिवेदन सहितको २०७५ आषाढ मसान्तसम्मको वासलात तथा सोही मितिमा समाप्त भएको आ.ब. २०७४/७५ को नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा अनूसूचीहरु छलफल गरी पारित गर्ने सम्बन्धमा ।

३) आ.ब २०७५/७६ को लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने सम्बन्धमा । (श्री डि उत्सव एण्ड एशोसियटस पुर्न नियुक्तिको लागि योग्य हुनुहुन्छ ।)

४) संचालक समितिले प्रस्ताव गरे बमोजिम आ.ब. २०७४/७५ को मुनाफाबाट शेयर रु. १२,२४,९७,७६०/- को आधारमा १.०५२६% दरले हुने नगद लाभाशं रु. १२,८९,४५०।- (बोनस शेयरको कर प्रयोजनको लागि मात्र) पारित गर्ने सम्बन्धमा ।

**<u>विशेष प्रस्तावहरु</u>**

१) संचालक समितिले प्रस्ताव गरे बमोजिम शेयर रु. १२,२४,९७,७६०/- को आधारमा २०% को दरले हुने रु. २,४४,९९,५५२।- बोनस शेयर पारित गर्ने सम्बन्धमा । यसरी दिइने बोनस शेयर भिन्न अंकमा आएमा विगतको भिन्न अंकमा जोडी पूर्ण अंकमा बोनस शेयर जारी गर्ने र बाँकी रहने भिन्न अंकलाई पछि पूर्ण अंक पुगेपछि दिने गरि छुट्टै राख्ने वा नियमानुसार अन्य उपयुक्त व्यवस्था गर्ने र सोही हदसम्म जारी पूंजी र चुक्ता पूँजी वृद्धि गर्ने प्रस्ताव पारित गर्ने सम्बन्धमा ।

२) बैंकको जारी पुँजी चुक्ता पूजी वृद्धि गर्ने सम्बन्धमा ।

३) संचालक समितिमा ३ जना प्रवर्धक संचालकको निर्वाचन संम्बन्धमा ।

४) बैंकको प्रबन्धपत्र तथा नियमावलीमा प्रस्ताव गरे बमोजिम संशोधन गर्ने संम्बन्धमा ।

SWAROJGAR LAGHUBITTA BITTIYA SANSTHA LTD.
Banepa, 2009

५) बैंकको प्रबन्धपत्र तथा नियमावलीमा गरिएको संशोधनमा नियमनकारी निकायबाट कुनै संशोधन वा परिमार्जन वा फेरबदल गर्न सुझाव वा निर्देशन प्राप्त भएमा सो अनुरुप गर्नका लागि संचालक समितिलाई अधिकार प्रदान गर्ने सम्बन्धमा ।

६) विविध ।

**५. सभाको वैधानिकता, अध्यक्षता तथा उद्घाटन**

५.१ स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडको नियमावलीको नियम नं. २३ अनुसार र कम्पनी ऐन २०६३ को दफा ७३ को उपदफा २ अनुसार साधारण सभाको गणपूरक संख्या वांडफांड भएको कुल शेयर संख्याको ५० प्रतिशत भन्दा वढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तिमा ३ जना शेयरधनीको उपस्थिति हुनु पर्ने प्रावधान वमोजिम लघुवित्त वित्तीय संस्थाको दशौं वार्षिक साधारण सभामा राखिएको शेयरधनीको हाजिरी जनाउने शेयरधनीहरुको संख्या २१६ भएको र कूल ६,६७,१५१ कित्ता शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयर संख्याको ५४.४६ प्रतिशत प्रतिनिधित्व भई साधारण सभाको गणपूरक संख्या पुगेको जानकारी कम्पनी सचिवले दिनु भयो । साथै प्रचलित कम्पनी कानुन अनुसार तथा संस्थाको नियमावली अनुसार सभा वैधानिक भएकोले रीतपुर्वक साधारण सभाको काम कारवाही अगाडि वढाउन सकिने व्यहोरा कम्पत्ती सचिवले जानकारी गराउनु भयो ।

५.२) कम्पनी ऐन २०६३ को दफा ७४(१) तथा स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडको नियमावलीको नियम नं. १९(१) अनुसार सभाको अध्यक्षता संचालक समितिका अध्यक्षज्यूले गर्ने व्यवस्था रहेको कम्पनी सचिवले जानकारी गराए पछि विहान ११:३० वजे संचालक समितिका अध्यक्ष श्री ज्ञानेन्द्र प्रसाद पाण्डेज्यूको अध्यक्षतामा तथा सम्पुर्ण संचालकज्यूहरुको उपस्थितिमा दशौं साधारण सभा शुरु भयो ।

५.३) सभामा अध्यक्षज्यू तथा संचालकज्यूहरु तथा अन्य अतिथिज्यूहरुको आसन ग्रहण समाप्त भए पश्चात सभाको उद्घाटन सभाका अध्यक्ष तथा यस संस्थाका संचालक समितिका अध्यक्षज्यूले पानसमा दिप प्रज्वलन गरी सभाको उद्घाटन गर्नु भयो ।

**६. दशौं वार्षिक साधारण सभामा अध्यक्षज्यूको प्रतिवेदन प्रस्तुत :**

दशौं वार्षिक साधारण सभामा अध्यक्षज्यूले संचालक समितिका तर्फबाट प्रतिवेदन प्रस्तुत गर्ने क्रममा सम्पूर्ण उपस्थित शेयरधनी महानुभावहरुलाई स्वागत गर्दै संचालक समितिको वार्षिक प्रतिवेदन साधारण सभामा प्रस्तुत गरी छलफलका लागि सभा समक्ष पेश गर्नु भयो । यस क्रममा आ.व. २०७४/७५ मा संस्थाले गरेको प्रगति तथा आ.व. २०७५/७६ को भावी योजना तथा अन्य कार्यक्रमहरुका वारेमा समेत संक्षेपमा प्रकाश पार्नु भयो ।

**७. अध्यक्षज्यूको प्रतिवेदन उपर छलफलको लागि आह्वान र सहभागी शेयरधनी महानुभावहरु**

७.१ शेयरधनी **श्री डमरु वल्लभ घिमिरेज्यूले** आफ्नो मन्तव्य राख्दै सबैलाई धन्यवाद दिदैं २-४ वर्षमा संस्थाले ठुलो फड्को मार्ने लक्षण देखिएको वताउनु भयो । त्यसै गरी यस संस्थाले दिएको प्रतिफल

राम्रो छ । कार्यक्षेत्र वढेर नेपाल भरी नै फैलिएको नेपालको नक्सामा देख्न पाईयोस भन्ने शुभकामना दिंदै नव निर्वाचित संचालकज्यूहरुलाई वधाई दिदैं सम्पुर्ण संचालक तथा कर्मचारीहरुलाई धन्यवाद दिनुभयो ।

७.२ शेयरधनी श्री **शिव प्रसाद पौडेल**ज्यूले मन्तब्य राख्दै प्रतिफल स्वागत योग्य रहेको, सामाजिक उत्तरदायित्व अन्तर्गत पारदर्शी निति बनाएर अघि वढ्नुहोला तथा शिक्षा, स्वास्थ्य खेलकुद जस्ता क्षेत्रलाई पनि प्राथमिकतामा राख्न सुझाव दिनु भयो ।

७.३ शेयरधनी श्री **उद्धव प्रसाद घिमिरे**ज्यूले मन्तब्य राख्दै प्रतिफल राम्रो छ । त्यसको लागि संचालक , कर्मचारी सबैलाई धन्यवाद दिनु भयो । उत्कृष्ट शाखाहरुलाई पुरस्कृत गर्नु प-यो । संस्थाको ब्यालेन्स सीट तथा नाफा राम्रो छ । एक दशकको प्रगति ठिक छ । संस्थाको कार्यक्रम ७७ वटै जिल्लामा पुगोस् । ७ वटै प्रदेशमा प्रदेश कार्यालयहरु राख्नु पर्छ । एनएफआरएस को फरम्याटमा रिपोर्ट तयार गर्दा राम्रो हुन्छ भन्ने सुझाव दिनु भयो । संस्थामा वचतको सेवाहरु वढाई वचतको दर वढाउनु पर्ने तथा लघुवित्तका राम्रा अभ्यासहरुलाई अगांलेर अगाडि वढ्नु पर्छ भन्ने सल्लाह दिनु भयो ।

७.४ शेयरधनी श्री **वैजुनाथ रौनीयारज्यूले** प्रतिफल राम्रो रहेको, कर्जा अपलेखन पनि हाल सम्म नगरेकोले राम्रो रहेको, राष्ट्र बैंकबाट औल्याईएका कैफियतहरु उपर सुधार गर्नु भएकै होला, सामाजीक उत्तरदायित्व अन्तर्गत तराईका दलित समुदायमा सहयोग गरिदिनु भए राम्रो हुने, दुर्गम जिल्लामा पनि शाखा विस्तार गर्दै जानु होला , साधारण सभाको किताव पछाडी सबै शाखाको फोन नम्वरहरु राखिदिनु होला भन्ने सुझाव दिनु भयो ।

७.५ शेयरधनी श्री **ईन्द्र कृष्ण श्रेष्ठ**ज्युले संस्थाको शाखा कार्यालयहरु निरन्तर वृद्धि भएको राम्रो छ । शाखामा स्थानिय स्तरकै कर्मचारीहरु राखि दिनुहोला । संस्थाको खर्चहरु पारदर्शि देखिन्छ भनि आफ्नो मन्तब्य राख्नु भयो ।

७.६ शेयरधनी श्री **सत्य नारायण प्रजापतीज्यू**ले यो संस्था उद्यम गरौं, उद्यमी बनौं देश विकासको पाइला अगि वढाउ भन्ने अवधारणा सहित अगाडि वढेको पाएं । वित्तीय सुशासन तथा संस्थागत सुशासन राख्नुहोला । विशिष्ट उपस्थितिका लागि छुट्टै उपस्थिति पुस्तिका राखिदिनु होला । लघु तथा घरेलु उद्योगहरु संग सहकार्य गरी अगाडि वढ्नु होला । सिएसआर खर्च गर्नु होस भन्ने सल्लाह दिनु भयो । पेज नं. ४४ मा नेपाल राष्ट्र बैंकलाई जवाफ हुनु पर्नेमा नेपाल राष्ट्र बैंकको जवाफ भएकोले यस्ता त्रुटीहरु तर्फ सचेत रहन सल्लाह दिनु भयो ।

**८. सभामा शेयरधनी हरुले राख्नु भएको जिज्ञासा तथा प्रशनहरुको जवाफ :**

यसरी ६ जना वक्ताहरुले अध्यक्षज्यूको प्रतिवेदन उपर छलफलमा भाग लिनु भयो तथा वंहाहरुले आफ्ना सल्लाह, सुझाव तथा जिज्ञासा राख्नु भयो । यसरी वंहाहरुले राख्नु भएको जिज्ञासा उपर यस संस्थाका संचालक समितिका अध्यक्ष श्री ज्ञानेन्द्र प्रसाद पाण्डेज्यूले छलफलमा सहभागीहरुले दिनु भएका सल्लाह

सुझावहरुलाई मनन गर्दै संस्थालाई अगाडि बढाउने बताउनु भयो । यसका साथै वक्ताहरुले उठाउनु भएका जिज्ञासा उपर बुंदागत रुपमा जवाफ दिनु भयो ।

९. सभाका निर्णयहरु :

**साधारण प्रस्तावहरु**

१. यस वित्तीय संस्थाको संचालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नु भएको आ.व. २०७४/७५ को वार्षिक प्रतिवेदन सभाबाट पारीत गरियो ।

२. यस वित्तीय संस्थाको लेखा परीक्षकको प्रतिवेदन सहित २०७५ आषाढ मसान्त सम्मको वासलात तथा सोही मितिमा समाप्त भएको आ.व. २०७४/७५ को नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा अनुसुचिहरु माथि छलफल गर्ने प्रस्ताव सभामा प्रस्तुत गर्दा सो माथि छलफल गरी पारीत गरियो ।

३. आ.व. २०७५/७६ को लागि लेखा परीक्षक नियुक्ति गर्ने तथा निजको पारीश्रमिक तोक्ने प्रस्ताव. सभामा प्रस्तुत गर्दा श्री डि. उत्सव एण्ड एशोसियट्स, चार्टड एकाउण्टेन्टस, काठमाण्डौ, नेपाल लाई लेखा परीक्षकको रुपमा नियुक्ति गर्ने तथा वैधानिक लेखा परीक्षणको सम्पुर्ण कार्य ( बार्षिक लेखा परीक्षण , कर लेखा परीक्षण, दफा ५१ र ७८ प्रमाणित लगायत आवश्यक अन्य कार्य समेत) को लागि संम्पुर्ण कर सहीत रु. १,१३,०००/- ( अक्षरुपी, एक लाख ते-ह हजार मात्र ) पारिश्रमिक प्रदान गर्ने निर्णय सभाबाट गरियो ।

४. यस वित्तीय संस्थाको संचालक समितिले प्रस्ताव गरे वमोजिंम आ.व. २०७४/७५ को मुनाफा बाट चुक्ता पूंजीको १.०५२६% का दरले हुने रु. १२,८९,४५०/- (अक्षरुपी, वा-ह लाख उनानब्बे हजार चार सय पचास रुपैंया मात्र) नगद लाभांश (वोनस शेयर तथा नगद लाभांशको कर प्रयोजनको लागि मात्र) दिने प्रस्ताव सभाबाट पारीत गरियो ।

**विशेष प्रस्तावहरु**

१. संचालक समितिले प्रस्ताव गरे वमोजिंम आ.व. २०७४/७५ को मुनाफाबाट चुक्ता पूंजीको आधारमा २०% को दरले हुन आउने रु. २,४४,९९,५५२/- (अक्षरुपी, दुई करोड चौवालिस लाख उनान्सय हजार पांच सय वाउन्न रुपैंया मात्र) बराबरको बोनश शेयर जारी गर्ने तथा यसरी दिइने बोनस शेयर भिन्न अंकमा आएमा विगतको भिन्न अंकमा जोडी पूर्ण अंकमा बोनस शेयर जारी गर्ने र बाँकी रहने भिन्न अंकलाई पछि पूर्ण अंक पुगेपछि दिने गरि छुट्टै राख्ने वा नियमानुसार अन्य उपयुक्त व्यवस्था गर्ने र सोही हदसम्म जारी पूंजी र चुक्ता पूँजी वृद्धि गर्ने प्रस्ताव सभाबाट पारीत गरीयो ।

२. यस स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडको जारी पूँजी तथा चुक्ता पूंजी वृद्धि संम्बन्धि प्रस्ताव सभामा प्रस्तुत गर्दा यस वित्तीय संस्थाको प्रबन्धपत्रको दफा ६ को “ख” र “ग” अनुसार जारी पूंजी तथा चुक्ता पूंजी वृद्धि (प्रकृयामा रहेको १:१ हकप्रद तथा प्रस्तावित २० प्रतिशत वोनस जारी) पछि



SWAROJGAR LAGHUBITTA BITTIYA SANSTHA LTD. स्वरोजगार लघुवित्त वित्तीय संस्था लि. बनेपा, २०६६ Banepa, 2009

रु. २६,९५,१२,२१३/- (अक्षरुपी, छब्बिस करोड पन्चानब्बे लाख वा-ह हजार दुई सय ते-ह मात्र) हुने निर्णय सभाबाट गरियो ।

३. यस वित्तीय संस्थाको नियमावलीको दफा २७ को (२) अनुसार समुह "क" का संस्थापक शेयरधनीहरुको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने ३ जना संचालकहरुको निर्वाचनमा ५ जनाको मनोनयन दर्ता भएको थियो । यसरी मनोनयन दर्ता गराउने संस्थापक शेयरधनीहरुमा श्री ज्ञानेन्द्र प्रसाद पाण्डे, श्री रोशन सुवेदी, श्री प्रकाश पन्त, श्री होमकान्त चौलागांई र श्री रामबाबु सिलवाल हुनुहुन्थ्यो । यसरी मनोनयन दर्ता गराउने शेयरधनीहरु मध्ये श्री रोशन सुवेदी र श्री प्रकाश पन्त ज्यूले मनोनयन फिर्ता लिनु भएपछि श्री ज्ञानेन्द्र प्रसाद पाण्डे, श्री होमकान्त चौलागांई र श्री रामबाबु सिलवाल गरी ३ जना संस्थापक "क" समुहबाट निर्विरोध रुपमा संचालकमा निर्वाचित हुनु भएको व्यहोरा सभामा निर्वाचन अधिकृत श्री रामचन्द्र सिम्खडाज्यूले जानकारी गराई सो को अनुमोदन गरियो । नव निर्वाचित "क" समुहका संचालक ज्यूहरुको पदावधि यस वित्तीय संस्थाको १४ औं वार्षिक साधारण सभासम्म कायम रहने निर्णय गरियो ।

४. यस वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा यस साधारण सभाले पारीत गरेका एजेण्डाहरु ३ महलेमा प्रस्ताव गरेता पनि मिति २०७५/०६/१६ गते यस संस्थाको १:१ हकप्रद शेयर बांडफांड गर्दा संस्थापक शेयरधनीहरुको तर्फबाट ८७.४३ कित्ता थप धितोपत्रको आवेदन परेकोले पूंजी संरचना ( ५१:४९) नै हुने गरी सर्वसाधारण तर्फ सोही अनुपातमा ८३.९८ कित्ता थप बांडफांड गरी कुल १७१.४१ कित्ता थप धितोपत्रको अनुमोदन गर्ने निर्णय गरियो । नेपाल धितोपत्र बोर्डबाट प्राप्त थप धितोपत्र दर्ता प्रमाण संलग्न गरी सोही वमोजिंम जारी तथा चुक्ता पूंजीमा समेत संशोधन गरी, आगामी प्रस्तावित वोनस शेयर समेत जोडी हुन आउने जारी तथा चुक्ता पूंजी वरावर नै नेपाल राष्ट्र बैंकको अनुमति लिई कम्पनी रजिष्ट्रारको कार्यालयमा प्रबन्धपत्र तथा नियमावलीमा संशोधन अभिलेख गराउनको लागि ३ महलेमा समावेश गरी संशोधन गर्ने निर्णय गरियो ।

५. यस वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा गरिएको संशोधनमा नियमनकारी निकायबाट कुनै संशोधन वा परिवर्तन वा फेरवदल गर्न सुभाव वा निर्देशन प्राप्त भएमा सो अनुरुप गर्नका लागि संचालक समितिलाई अख्तियारी दिने निर्णय गरियो ।

६. विविध अन्तर्गत तल उल्लेख गरिए अनुसारको निर्णय गरियो ।

६.१ यस अन्तर्गत मिति २०७५/०६/०६ गते वसेको संचालक समितिको १७४ औं वैठकको निर्णयबाट .काठमाण्डौ महानगरपालीका वार्ड नं. १०, कपन, आकाशेधारा, काठमाण्डौ वस्ने श्री विजया वस्नेत क्षेत्रीलाई यस संस्थाको स्वतन्त्र संचालकमा नियुक्त गरेको विषय यस सभालाई जानकारी भयो ।
६.२ यस वित्तीय संस्थाको मिति २०७४/०७/११ मा सम्पन्न भएको नवौं वार्षिक साधारण सभाबाट पारित भए बमोजिम विद्यमान शेयरधनीहरुलाई १:१ का दरले जारी गरिएको १२,२४,९७७.६० कित्ता धितोपत्रको हकप्रद निष्काशनमा आवेदन दिएका आवेदक शेयरधनीहरुमा निष्काशन तथा बिक्री प्रवन्धक श्री एनएमबि क्यापिटल समेतको सहकार्यमा मिति २०७५/०६/१६ गते रितपूर्वक आवेदन दिएका शेयरधनीहरुमा १२,१४,०२० कित्ता धितोपत्र बाँडफाँड गरिएको व्यहोरा सभालाई जानकारी भयो । सो बाँडफाँड गर्दा नेपाल धितोपत्र बोर्डबाट जारी निर्देशन बमोजिम शेयरधनीहरुले आफुले आवेदन गर्न



SWAROJGAR LAGHUBITTA BITTIYA SANSTHA LTD. Banepa, 2009

पाउने हकप्रद शेयरको कित्ता खण्डित हुन आएमा नपुग रकम लिई माथिल्लो पूर्ण कित्तामा आवेदन गर्न पाउने र यसरी आवेदन गर्न निष्काशन गरिएको शेयर भन्दा बढी शेयर बाँडफाँड हुने भएमा नेपाल धितोपत्र बोर्डमा थप धितोपत्र दर्ता गरिने र निष्काशन कम्पनीको आगामी वार्षिक साधारण सभाबाट सो अनुमोदन गराई नेपाल राष्ट्र बैंकबाट स्विकृति लिई कम्पनी रजिष्ट्रारको कार्यालयमा पूँजी वृद्धिको अभिलेख गराउन सकिने व्यवस्था रहेको वारेमा सभालाई जानकारी गराईयो । यस वित्तीय संस्थाका सबै संस्थापक शेयरधनीहरुले हकप्रद शेयरमा आवेदन गरेकाले निजहरु सबैबाट प्राप्त हकप्रदको आवेदनमा संस्थापकहरुको लागि निष्काशन गरिएको ६,२४,७३८.५७ कित्ता शेयरमा ८७.४३ कित्ता बढी आवेदन पर्न आई ६,२४,८२६ कित्ता धितोपत्र बाँडफाँड गर्नुपर्ने भएको हुंदा सोही अनुरुप संस्थापक समूहतर्फको शेयरको संख्या थप हुन गएकाले वित्तीय संस्थाको पूँजीको संरचनामा फरक पर्न जाने भएकाले वित्तीय संस्थाको पूँजी संरचना (५१:४९) नै कायम हुने गरी सर्वसाधारणतर्फ सोही अनुपातमा ८३.९८ कित्ता थप बाँडफाँड (लिलाम बढाबढ हुने धितोपत्रमा थप) गरी कुल १७१.४१ कित्ता थप धितोपत्रको अनुमोदन गराई नेपाल धितोपत्र बोर्डबाट प्राप्त थप धितोपत्र दर्ता प्रमाण संलग्न गरी सोही बमोजिम जारी तथा चुक्ता पूँजीमा समेत संशोधन गरी आगामी प्रस्तावित वोनस शेयर समेत जोडी हुन आउने जारी तथा चुक्ता पूँजी बराबर नै नेपाल राष्ट्र बैंकको सहमति लिई कम्पनी रजिष्ट्रारको कार्यालयमा प्रवन्धपत्र तथा नियमावलीको संशोधन अभिलेख गराउने प्रस्ताव सभाबाट पारीत गरियो ।

## १०. धन्यवाद ज्ञापन तथा सभा विसर्जन :

यस साधारण सभामा छलफलका लागि अन्य विषयहरु नभएकोले कम्पनी सचिवले सभा विसर्जनको लागि अध्यक्षज्यूलाई अनुरोध गर्नु भयो । अध्यक्षज्यूले सभामा उपस्थित शेयरधनी महानुभावहरु, आमन्त्रित साथै प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा स्वरोजगार लघुवित्त वित्तीय संस्थाको दशौं वार्षिक साधारण सभालाई सफल बनाउन सहयोग गर्नुहुने सबैलाई धन्यवाद दिनु हुँदै साधारण सभा सम्पन्न भएको घोषणा गर्नु भयो ।

## स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडको
## दशौं वार्षिक साधारण सभामा पारीत गरिएको
## प्रबन्धपत्र २०६६ को संशोधन तीन महले विवरण

| क्र.सं. | विद्यमान व्यवस्था | संशोधन गर्नु पर्ने | कारण |
|---|---|---|---|
| १ | प्रबन्धपत्रको दफा ६. लघुवित्त वित्तीय संस्थाको पूंजीको संरचना : लघुवित्त वित्तीय संस्थाको पूंजीको संरचना देहाय वमोजिंम हुनेछ<br>(क) लघुवित्त वित्तीय संस्थाको अधिकृत पूँजी रु. ४०,००,००,०००/-(अक्षरुपी, चालीस करोड मात्र) हुनेछ। सो पूँजीलाई प्रतिशेयर रु. १००/- का दरको ४०,००,०००/- (चालीस लाख) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ।<br>(ख) लघुवित्त वित्तीय संस्थाको तत्काल जारी गर्ने शेयर पूँजी (बोनस शेयर पछि हकप्रद शेयर दिए पश्चात) रु. २४,४९,९५,५२०/- (अक्षरुपी, चौविस करोड उनान्पचास लाख पन्चानब्वे हजार पांच सय बिस) मात्र हुनेछ। सो पूँजीलाई प्रतिशेयर रु. १००/- का दरको २४,४९,९५५.२०(चौविस लाख उनान्पचास हजार नौ सय पचपन्न दशमलव दुई शुन्य) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ।<br>ग) लघुवित्त वित्तीय संस्थाको तत्काल चुक्ता पूँजी (बोनस शेयर पछि हकप्रद शेयर दिए पश्चात) रु. २४,४९,९५,५२०/- (अक्षरुपी, चौविस करोड उनान्पचास लाख पन्चानब्वे हजार पांच सय बिस मात्र हुनेछ। | प्रबन्धपत्रको दफा ६. लघुवित्त वित्तीय संस्थाको पूंजीको संरचना : लघुवित्त वित्तीय संस्थाको पूंजीको संरचना देहाय वमोजिंम हुनेछ<br>(क) लघुवित्त वित्तीय संस्थाको अधिकृत पूँजी रु. ४०,००,००,०००/-(अक्षरुपी, चालीस करोड मात्र) हुनेछ। सो पूँजीलाई प्रतिशेयर रु. १००/- का दरको ४०,००,०००/- (चालीस लाख) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ।<br>(ख) लघुवित्त वित्तीय संस्थाको तत्काल जारी गर्ने शेयर पूँजी (बोनस शेयर पछि हकप्रद शेयर दिए पश्चात) रु. २६,९५,१२,२१३/- ( अक्षरुपी, छब्बिस करोड पन्चानब्वे लाख वा-ह हजार दुई सय ते-ह मात्र) हुनेछ। सो पूँजीलाई प्रतिशेयर रु. १००/- का दरको २६,९५,१२,२.१३ (छब्बिस लाख पन्चानब्वे हजार एक सय वाईस दशमलव एक तिन मात्र) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ।<br>ग) ) लघुवित्त वित्तीय संस्थाको तत्काल चुक्ता पूँजी (बोनस शेयर पछि हकप्रद शेयर दिए पश्चात) रु. २६,९५,१२,२१३/- (अक्षरुपी, छब्बिस करोड पन्चानब्वे लाख वा-ह हजार दुई सय ते-ह मात्र) हुनेछ। | जारी पूँजी वृद्धि गर्न।<br><br>चुक्ता पूँजी वृद्धि गर्न। |